# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड १०, संख्याः ६, श्रावण १३ गते, २०८३ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिका लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि (तेस्रो संशोधन), २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।४।१२

व्यास नगरपालिका लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| साविकमा भएको | थप गरी संशोधन गरिएको |
|---|---|
| १. कार्यविधिको दफा ७ (४) नगरपालिका क्षेत्रभन्दा बाहिरका सञ्चार माध्यम र वार्षिक मुखपत्र/प्रकाशनलाई आवश्यकता र औचित्यको आधारमा नगरपालिकाले बीस हजार रुपैयाँमा नबढाई विज्ञापन दिन सक्नेछ । तर त्यस्ता सञ्चार माध्यम वा संघ संस्थाले नगरपालिकाको स्वीकृति बिना कुनै किसिमको विज्ञापन प्रकाशन | नगरपालिका क्षेत्रभन्दा बाहिरका सञ्चार माध्यम र वार्षिक मुखपत्र/प्रकाशनलाई आवश्यकता र औचित्यको आधारमा नगरपालिकाले बीस हजार रुपैयाँमा नबढाई विज्ञापन दिन सक्नेछ । तर त्यस्ता सञ्चार माध्यम वा संघ संस्थाले नगरपालिकाको स्वीकृति बिना कुनै किसिमको विज्ञापन प्रकाशन तथा प्रसारण गरेमा सोको भुक्तानी दिन नगरपालिका बाध्य हुने छैन । |

| सविकमा भएको | थप गरी संशोधन गरिएको |
|---|---|
| तथा प्रसारण गरेमा सोको भुक्तानी दिन नगरपालिका बाध्य हुने छैन । | तनहुँ जिल्लाका अन्य पालिकामा सूचीकृत भई व्यास नगरपालिकामा सम्पर्क कार्यालय वा शाखा सञ्चालन गर्ने साप्ताहिक, दैनिक अनलाइन सञ्चार माध्यमलाई दफा ७ (२) बमोजिमको पूरै वा आंसिक सहयोग उपलब्ध गराउने सकिनेछ । |

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत